नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

फोन नं. ०१०-५४०१३१/१३३
०१०-५४०१३२(प्र.जि.अ.)
ईमेल: rasuwadao@gmail.com
वेवसाईट: daorasuwa.moha.gov.np
Google Map: 476W+J6F

बागमती प्रदेश

प.सं.: २०८३/८४
च.नं.: ३२१

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

## सडक मर्मत कार्यका लागि सवारी आवागमन आंशिक रुपमा बन्द गरिएको जानकारी।

सूचना नं. ९,
प्रकाशन मितिः २०८३।०५।२० गते।

सम्वत् २०८३ साल भदौ १० गते नेपाल-चीन सीमानाका भई बग्ने लेन्दे खोलाबाट भोटेकोशी नदी हुँदै नेपाल प्रवेश गरेको भीषण बाढीका कारण जिल्लाका विभिन्न स्थानहरुमा क्षति भई सडक सम्पर्क टुटेको अवस्थामा जिल्लालाई सडकमार्गसँग जोड्न पासाङल्हामु सडकखण्ड अन्तर्गत त्रिशुली-बेत्रावती-कालिकास्थान-धुन्चे सडकखण्ड निर्माण, मर्मत सम्भार, स्तरोन्नति गर्ने कार्य भई रहेको छ। उक्त सडक सञ्चालनमा नआउँदा सम्मका लागि वैकल्पिक सडकमार्गका रुपमा जिरोकिलो-अम्बास-भोर्ले-पार्च्याङ-घिचेत-पाटीखर्क-सरमथली-लच्याङ-छाप-नर्जा-बाहुनबेशी सडक र बिदुर-चोगते-बोरेभञ्ज्याङ-लच्याङ-सरमथली-पाटीखर्क-घिचेत-पार्च्याङ-अम्बास-जिरोकिलो सडकखण्ड सञ्चालन भई रहेकोमा उक्त सडकखण्डमा अत्याधिक सवारी चापले सवारी फस्ने, पहिरो झर्ने जस्ता समस्याबाट पटक-पटक बाटो अबरुद्ध भई सवारी आवतजावतमा कठीनाई सिर्जना भएको हुँदा उक्त सडकखण्ड तत्काल मर्मत गर्नुपर्ने भएकोले जिल्ला विपद् व्यवस्थापन समितिको मिति २०८३।०५।२० को निर्णयानुसार रसुवा खण्डको फाम्चेत र नुवाकोट खण्डको बाहुनवेशी र चोगतेमा मिति २०८३।०५।२१ गते देखि अर्को सूचना प्रकाशन नभएसम्मका लागि बिहान ७:००-११:०० बजेसम्म र दिनको २:००-५:०० बजेसम्म सवारी आवागमन बन्द गरिएको सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

मितिः २०८३।०५।२० गते, ने.सं. ११४६।

(द्रुव प्रसाद अधिकारी)
सहायक प्रमुख जिल्ला अधिकारी